बागमती प्रदेश

# अर्थ बुलेटिन

(वार्षिक तथ्याङ्कमा आधारित)

वर्ष -१ अंक -१ वार्षिक अंक आर्थिक वर्ष २०८२/८३

बागमती प्रदेश सरकार
**आर्थिक मामिला तथा योजना मन्त्रालय**



## प्रमुख आर्थिक झलकहरू

- सन् २०२५ मा ३.५ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२६ मा केही संकुचन भई ३.० ले विस्तार हुने अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को प्रक्षेपण छ।
- आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ३.८५ प्रतिशत रहको अनुमान छ। वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.०८ प्रतिशत भित्र रही मूल्य स्थिरता भएको छ।
- आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसत भन्दा माथि अर्थात् ५.४० प्रतिशत रहेको अनुमान छ।
- आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशको उपभोक्ता मुद्रास्फिती २.७९ प्रतिशत रहेको छ। बार्षिक विन्दुगत आधारमा २०८३ असार महिनाको बागमती प्रदेशको उपभोक्ता मुद्रास्फीति ४.६८ प्रतिशत रहेको छ।
- आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेश सरकारको कुल विनियोजनमध्ये ६७.२० प्रतिशत खर्च भएको छ। चालुतर्फ विनियोजनको ६४.१३ प्रतिशत र पुँजीगततर्फ विनियोजनको ६८.७४ प्रतिशत खर्च भएको छ।
- आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारको कुल आय अघिल्लो आर्थिक वर्षको तुलनामा ७.६४ प्रतिशतले संकुचन हुन गई रू. ५६ अर्ब ५२ करोड प्राप्त भएको छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक विश्लेषण तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

## विश्व एवं क्षेत्रीय आर्थिक स्थिति

१. अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) ले गरेको प्रक्षेपण अनुसार सन् २०२६ मा विश्व अर्थतन्त्रको वृद्धिदर ३.० प्रतिशतमा सीमित हुने अनुमान छ। सन् २०२५ मा विश्व अर्थतन्त्र ३.५ प्रतिशतले विस्तार भएको थियो। सन् २०२६ मा विकसित अर्थतन्त्रको वृद्धिदर १.७ प्रतिशतले विस्तार हुने अनुमान छ।

२. सन् २०२६ मा उदीयमान तथा विकासशील एसिया र दक्षिण एशियाको आर्थिक वृद्धिदर क्रमशः ५.० प्रतिशत र ६.० प्रतिशत रहने प्रक्षेपण छ। सन् २०२५ मा चीन र भारतको आर्थिक वृद्धिदर क्रमशः ५.० प्रतिशत र ७.७ प्रतिशत रहेकोमा सन् २०२६ मा क्रमशः ४.६ प्रतिशत र ६.४ प्रतिशत हुने प्रक्षेपण रहेको छ।

**तालिका (क) : विश्व आर्थिक वृद्धिदर** (प्रतिशतमा)

| शीर्षक | २०२४ | २०२५ | २०२६# | २०२७# |
|---|---|---|---|---|
| विश्व | ३.५ | ३.५ | ३.० | ३.४ |
| विकसित अर्थतन्त्र | १.८ | १.९ | १.७ | १.८ |
| अमेरिका | २.८ | २.१ | २.३ | २.२ |
| यूरोपियन युनियन | १.२ | १.६ | १.२ | १.४ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ४.५ | ४.५ | ३.८ | ४.५ |
| उदीयमान तथा विकासशील एशिया | ५.५ | ५.६ | ५.० | ४.८ |
| चीन | ५.० | ५.० | ४.६ | ४.१ |
| ल्याटिन अमेरिका र क्यारेबियन क्षेत्र | २.४ | २.४ | २.४ | २.७ |
| मध्य पूर्व र उत्तर अफ्रिका | २.७ | ३.३ | -०.५ | ७.३ |
| दक्षिण एशिया | ६.३ | ६.८ | ६.० | ६.० |
| भारत | ७.१ | ७.७ | ६.४ | ६.७ |
| बङ्गलादेश | ४.२ | ३.५ | ४.७ | ४.३ |
| नेपाल | ३.७ | ४.६ | ३.० | ४.६ |
| पाकिस्तान | २.६ | ३.१ | ३.६ | ३.५ |
| सव-साहारा अफ्रिका | ४.२ | ४.५ | ४.३ | ४.५ |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष "World Economic Outlook - July, 2026" #प्रक्षेपण

इमेल: arthikvislesana.moeap@bagamati.gov.np फोन नं.: ०५७-५२७५१८

## राष्ट्रिय अर्थतन्त्र

३. आर्थिक वर्ष २०८२/८३ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४.०३ प्रतिशत र गैरकृषि क्षेत्रको योगदान ७५.९७ प्रतिशत रहेको अनुमान छ। त्यस्तै कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.०३ प्रतिशत, १४.१५ प्रतिशत र ६१.८२ प्रतिशत रहेको अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा यस्तो योगदान क्रमशः २४.५० प्रतिशत, १३.६९ प्रतिशत र ६१.८१ प्रतिशत रहेको थियो।

**चार्ट (क): पछिल्लो दशकको नेपालको कुल गार्हस्थ्य उत्पादनको संरचना** (प्रतिशतमा)




स्रोत: राष्ट्रिय तथ्यांक कार्यालय, २०८३

४. आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ३.८५ प्रतिशत रहेको अनुमान छ भने आर्थिक वर्ष २०८१/८२ को वृद्धिदर ४.४३ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८२/८३ मा कृषि क्षेत्र १.५८ प्रतिशत र गैरकृषि क्षेत्रको ४.५४ प्रतिशतले विस्तार भएको अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा कृषि क्षेत्रको वृद्धिदर ३.०५ प्रतिशत तथा गैरकृषि क्षेत्रको वृद्धिदर ४.१२ प्रतिशत रहेको थियो।

**चार्ट (ख): पछिल्लो दशकको नेपालको आर्थिक वृद्धिदरको प्रवृत्ति** (प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्यांक कार्यालय, २०८३

५. आर्थिक वर्ष २०८१/८२ मा नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय आय १ हजार ५ सय ३५ अमेरिकी डलर रहेकोमा अमेरिकी डलरसँग नेपाली रुपैयाँको अवमूल्यनका कारण आर्थिक वर्ष २०८२/८३ मा समेत सोही बराबर रहेको अनुमान छ।

**चार्ट (ग): पछिल्लो दशकको नेपालको प्रतिव्यक्ति राष्ट्रिय आय** (अमेरिकी डलर)




स्रोत: राष्ट्रिय तथ्यांक कार्यालय, २०८३

## मुद्रास्फीति

६. आर्थिक वर्ष २०८२/८३ मा नेपालको औसत उपभोक्ता मुद्रास्फिती ३.०७ प्रतिशत अर्थात वार्षिक बजेटको लक्षित सीमाभित्र रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फिति ४.०६ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८२/८३ मा खाद्य र पेय पदार्थ समूहको औसत मुद्रास्फीति १.०४ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको औसत मुद्रास्फीति ४.२१ प्रतिशत रहेको छ।

**चार्ट (घ): पछिल्लो दशकको नेपालको उपभोक्ता मुद्रास्फीतिको** (वार्षिक औसत-प्रतिशतमा)




स्रोत: नेपाल राष्ट्र बैंक, २०८३

७. आर्थिक वर्ष २०८३ मा औसत उपभोक्ता मुद्रास्फीति ३.०८ प्रतिशत रहेको थियो। खाद्य तथा पेय पदार्थको औसत मुद्रास्फीति १.०४ प्रतिशत र गैरखाद्य तथा सेवा क्षेत्रको औसत मुद्रास्फीति ४.२१ प्रतिशत रहेको छ।

**तालिका (ख) : आर्थिक वर्ष २०८२/८३ को मासिक समग्र मूल्य स्थिति** (प्रतिशतमा)

| महिना | उपभोक्ता मुद्रास्फीति | | | थोक मुद्रास्फीति |
|---|---|---|---|---|
| | कुल | खाद्य र पेय पदार्थ | गैरखाद्य तथा सेवा क्षेत्र | |
| साउन | १.६८ | -२.२८ | ३.९५ | २.३७ |

| महिना | उपभोक्ता मुद्रास्फीति | | | थोक मुद्रास्फीति |
|---|---|---|---|---|
| | कुल | खाद्य र पेय पदार्थ | गैरखाद्य तथा सेवा क्षेत्र | |
| भदौ | १.८७ | -१.३४ | ३.७ | २.१ |
| असोज | १.४७ | -२.५४ | ३.८ | १.३२ |
| कार्तिक | १.११ | -३.३२ | ३.६९ | २.६५ |
| मंसिर | १.६३ | -२.०५ | ३.७५ | २.७८ |
| पुस | २.४२ | -०.०९ | ३.८१ | ५.१७ |
| माघ | ३.२५ | २.५ | ३.६६ | ६.२१ |
| फागुन | ३.६२ | ३.६ | ३.६३ | ३.६४ |
| चैत | ४.४७ | ४.०१ | ४.७२ | ३.९२ |
| वैशाख | ५.०४ | ४.६३ | ५.२६ | ५.९६ |
| जेठ | ५.२२ | ४.९५ | ५.३७ | ८.४७ |
| असार | ५.१४ | ५.२५ | ५.०८ | ६.६७ |
| **औसत** | **३.०८** | **१.०४** | **४.२१** | **४.२७** |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

## सङ्घीय सरकारको खर्च र राजस्व परिचालन

८. आर्थिक वर्ष २०८२/८३ मा सङ्घीय सरकारको कुल खर्च ३.१८ प्रतिशतले वृद्धि भई रु. १५ खर्ब ६१ अर्ब ४२ करोड भएको छ। कुल सङ्घीय खर्च मध्ये चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फको खर्चको हिस्सा क्रमशः ६५.०४ प्रतिशत, १२.२८ प्रतिशत र २३.४४ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा सङ्घीय सरकारको कुल खर्च रु.१५ खर्ब १३ अर्ब २५ करोड भएको थियो।

९. आर्थिक वर्ष २०८२/८३ मा सङ्घीय सरकारले कुल रु. १२ खर्ब ४१ अर्ब ३३ करोड राजस्व संकलन गरेको छ। कुल सङ्घीय राजस्वमा कर राजस्व र गैर कर राजस्वको हिस्सा क्रमशः ९०.४९ प्रतिशत र ९.५१ प्रतिशत रहेको छ। कुल संकलित राजस्व मध्ये रू. १ खर्ब ५७ अर्ब प्रदेश र स्थानीय तहलाई बाँडफाट गरिएको छ। अघिल्लो आर्थिक वर्षमा सङ्घीय सरकारले कुल रु.११ खर्ब ७९ अर्ब ८२ करोड राजस्व संकलन गरेको थियो।

## बागमती प्रदेश अर्थतन्त्र

१०. आर्थिक वर्ष २०८२/८३ मा नेपालको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मुल्यमा) रू. ६६ खर्ब अनुमान रहेकोमा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन रू. २४ खर्ब २३ अर्ब रहेको अनुमान छ। अघिल्लो आर्थिक वर्ष बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादन रू. २२ खर्ब ५६ अर्ब रहेको थियो।

११. आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ११.२३ प्रतिशत र गैरकृषि क्षेत्रको योगदान ८८.७७ प्रतिशत रहने अनुमान छ। त्यस्तै कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ११.२३ प्रतिशत, १२.२५ प्रतिशत र ७६.५२ प्रतिशत रहेको अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान क्रमशः ११.४४ प्रतिशत, १२.०४ प्रतिशत र ७६.५२ प्रतिशत रहेको थियो।

**चार्ट (ङ)बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनको संरचना** (प्रतिशत)




स्रोतः राष्ट्रिय तथ्यांक कार्यालय, २०८३

१२. आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर ५.४० प्रतिशत रहेको अनुमान छ। अघिल्लो आर्थिक वर्ष बागमती प्रदेशको आर्थिक वृद्धिदर ५.२९ प्रतिशत रहेको थियो।

**चार्ट (च): बागमती प्रदेशको आर्थिक वृद्धिदरको प्रवृत्ति** (प्रतिशत)




स्रोत :राष्ट्रिय तथ्यांक कार्यालय, २०८३

## प्रदेशगत मुद्रास्फीति

१३. आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशको उपभोक्ता मुद्रास्फिती २.७९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ३.५७ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८२/८३ मा कोशी प्रदेशको मुद्रास्फीति सबै प्रदेशको भन्दा उच्च ३.७७ प्रतिशत र सुदूरपश्चिम प्रदेशको सबैभन्दा न्यून २.०५ प्रतिशत रहेको थियो।

**तालिका (ग): प्रदेशगत उपभोक्ता मुद्रास्फीति** (प्रतिशत)

| प्रदेश | आर्थिक वर्ष २०८१/८२ | आर्थिक वर्ष २०८२/८३ |
|---|---|---|
| कोशी | ५.४६ | ३.७७ |
| मधेश | ४.१४ | ३.६५ |
| बागमती | ३.५७ | २.७९ |
| गण्डकी | ३.३२ | २.५९ |
| लुम्बिनी | ३.७ | ३.२९ |
| कर्णाली | ३.३१ | २.६ |
| सुदूरपश्चिम | ५.०२ | २.०५ |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

१४. बार्षिक विन्दुगत आधारमा २०८३ असार महिनाको बागमती प्रदेशको उपभोक्ता मुद्रास्फीति ४.६८ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीती १.८१ प्रतिशत रहेको थियो

**चार्ट (छ): आर्थिक वर्ष २०८२/८३ को बागमती प्रदेशको मासिक उपभोक्ता मुद्रास्फीति प्रवृत्ति** (प्रतिशत)




स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

## प्रदेश सरकारको खर्च

१५. आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारको खर्च २.२८ प्रतिशतले संकुचन भएको छ। कुल विनियोजन रू. ६७ अर्ब ४७ करोड मध्ये आर्थिक वर्षको अन्त्यसम्म विनियोजनको ६७.२० प्रतिशत अर्थात रू. ४५ अर्ब ३४ करोड खर्च भएको छ। अघिल्लो आर्थिक वर्षमा प्रदेश सरकारको कुल विनियोजनको ७१.९० प्रतिशत खर्च भएको थियो।

**चार्ट (ज): प्रदेश सरकारको खर्च प्रवृत्ति** (प्रतिशत)




स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, २०८३
नोटः आर्थिक वर्ष २०८३/८३ को प्रारम्भिक विवरण

१६. आर्थिक वर्ष २०८२/८३ चालुतर्फ विनियोजनको ६४.७० प्रतिशत अर्थात रू. १६ अर्ब ७० करोड खर्च भएको छ भने पुँजीगततर्फ विनियोजनको ६८.७४ प्रतिशत अर्थात रू. २८ अर्ब ६४ करोड खर्च भएको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो खर्च क्रमशः ६६.१२ प्रतिशत र ७८.७७ प्रतिशत खर्च भएको थियो।

**तालिका (घ): पछिल्ला २ आर्थिक वर्षको खर्चको तुलना** (रू. करोडमा)

| खर्च शीर्षक | आर्थिक वर्ष २०८१/८२ | | | आर्थिक वर्ष २०८२/८३ | | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| चालु | २५७२.४९ | १७०१.०२ | ६६.१२ | २६०४.३७ | १६७०.२३ | ६४.७० |
| पुँजीगत | ३७३१.५५ | २९३९.३१ | ७८.७७ | ४१६६.४२ | २८६४.०१ | ६८.७४ |
| वित्तीय व्यवस्था | १५० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कुल खर्च | ६४५४.०४ | ४६४०.३३ | ७१.९० | ६७४७.७३ | ४५३४.२४ | ६७.२० |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, २०८३
नोटः आर्थिक वर्ष २०८३/८३ को प्रारम्भिक विवरण

## स्थानीय तहमा वित्तीय हस्तान्तरण

१७. आर्थिक वर्ष २०८२/८३ मा वित्तीय हस्तान्तरण अन्तर्गत बागमती प्रदेश सरकारले प्रदेशभित्रका स्थानीय तहलाई प्रदान गरिने चार प्रकारका अनुदानको लागि कुल रू. ८ अर्ब ६५ करोड विनियोजन भएकोमा आर्थिक वर्षको अन्त्यसम्म रू. ६ अर्ब ६८ करोड अर्थात र विनियोजनको ७७.१६ प्रतिशत अनुदान रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा हस्तान्तरण भएको छ।

**चार्ट २(झ): स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण** (रकम रू. करोडमा)




स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, २०८३
नोटः आर्थिक वर्ष २०८३/८३ को प्रारम्भिक विवरण

## प्रदेश सरकारको आय

१८. आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारको कुल आय अघिल्लो आर्थिक वर्षको तुलनामा ७.६४ प्रतिशतले संकुचन हुन गई रू. ५६ अर्ब ५२ करोड प्राप्त भएको छ। कुल आयमा कर राजस्व रू. २५ अर्ब ४८ करोड ३५ लाख, गैरकर राजस्व रू. ५ अर्ब १७ करोड ४२ लाख, संघीय अनुदान ११ अर्ब ३८ करोड ४५ लाख र नगद मौज्दान तथा अन्य राजस्व रू. १४ अर्ब ४७ करोड ८२ लाख रहेको छ। यस अवधिमा कर राजस्व ८.७४ प्रतिशत र गैरकर राजस्व ६.२९ प्रतिशतले बढेको छ।

**तालिका (ङ): विगत ५ वर्षको बागमती प्रदेश सरकारको आय संरचना** (रू. करोडमा)

| विवरण | आर्थिकवर्ष | | | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| कर राजस्व | २५७०.९२ | २१०३.०४ | २०७०.४८ | २३४३.४२ | २५४८.३५ | १३.१८ | ८.७४ |
| गैर राजस्व | ६३२.३३ | ४९०.७७ | ४७९.९६ | ४८७.१८ | ५१७.८२ | १.५० | ६.२९ |
| कुल राजस्व | ३२०३.२५ | २५९३.८१ | २५५०.४४ | २८३०.६ | ३०६६.३५ | १०.९८ | ८.३३ |

| विवरण | आर्थिक वर्ष | | | | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८१/८२ | २०८२/८३ |
| संघीय अनुदान | १५६७.५५ | १७३९.६६ | १३७१.७० | ११९६.८८ | ११३८.४५ | १२.७४- | -४.८८ |
| नगद मौज्दात तथा अन्य | २४७८.०९ | ३३४०.०७ | २६९०.५६ | २०१४.४७ | १४४७.८२ | -२५.१३ | -२८.१३ |
| ऋण लगानी फिर्ता | ४.३८ | ११.११ | ७०.२७ | ७८.२४ | ०.०० | ११.३४ | ०.०० |
| **प्रदेश सरकारको कुल आय** | ७२५३.२७ | ७६८४.६६ | ६६८२.९७ | ६१२०.१९ | ५६५२.६२ | -८.४२ | -७.६४ |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, २०८३

नोटः आर्थिक वर्ष २०८३/८३ को प्रारम्भिक विवरण

१९. आर्थिक वर्ष २०८२/८३ मा बाँडफाटबाट प्राप्त राजस्व अघिल्लो आर्थिक वर्षको तुलनामा ११.२८ प्रतिशत न्यून प्राप्त भएको छ। यस्तो राजस्व २०८२/८३ को वार्षिक लक्ष्यको ८५.५७ प्रतिशत अर्थात रू. २६ अर्ब ४३ करोड प्राप्त भएको थियो।

**तालिका (च): पछिल्ला २ आर्थिक वर्षको आय प्राप्तिको तुलना** (रू. करोडमा)

| कर शीर्षक | आर्थिक वर्ष २०८२/८३ को वार्षिक अनुमान | असारसम्मको प्राप्ति | | प्रगति प्रतिशत (२०८२/८३ को अनुमानको तुलनाम) | वृद्धिदर (प्रतिशत) |
|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | | |
| बाँडफाटबाट प्राप्त राजश्व | ३०८९.१२ | २३४३.४२ | २६४३.३७ | ८५.५७ | -११.८२ |
| आन्तरिक स्रोतबाट संकलित राजश्व | ४७७.७४ | ४८७.१८ | ४२२.९८ | ८८.५४ | -७.२९ |
| संघीय अनुदान | १४८१.९३ | ११९६.८८ | ११३८.४५ | ७६.८२ | -३६.८१ |
| नगद मौज्दात, तथा अन्य | १६९८.९४ | २०९२.७१ | १४४७.८२ | ८५.२२ | -२.६८ |
| **जम्मा** | ६७४७.७३ | ६१२०.१९ | ५६५२.६२ | ८३.७७ | -७.६४ |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, २०८३

नोटः आर्थिक वर्ष २०८३/८३ को प्रारम्भिक विवरण

२०. आर्थिक वर्ष २०८२/८३ मा संघीय अनुदान र गत वर्षको नगद मौज्दात बाहेक बागमती प्रदेश सरकारको आन्तरिक स्रोत र राजस्व बाँडफाटबाट प्राप्त आय अनुमानको ८५.९४ प्रतिशत प्राप्त भएको छ। उक्त आर्थिक वर्षमा सरकारको आन्तरिक स्रोत र राजस्व बाँडफाटबाट रू. ३५ अर्ब ६६ करोड प्रप्त हुने अनुमान गरिएकोमा असार महिनाको अन्त्य सम्म रू. ३० अर्ब ६४ करोड प्राप्त भएको थियो। अघिल्लो आर्थिक वर्ष यस्तो आय अनुमानको ८१.१९ प्रतिशत प्राप्त भएको थियो।

**तालिका (छ) पछिल्लो ५ वर्षको राजस्व बाँडफाँट र आन्तरिक आय** (रू. करोडमा)

| राजस्वको प्रकार | २०७८/८९ असार | | २०७९/८० असार | | २०८०/८१ असार | | २०८१८२/ असार | | २०८2८3/ असार | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति |
| मूल्य अभिवृद्धि कर | ६८३.९२ | ७३९.७८ | ८२८.५० | ६८२.९७ | ७७९.८८ | ६७५.३८ | ८६१.८५ | ८०९.४२ | ८७९.८७ | |
| अन्तशुल्कः | २९३.११ | २५४.७८ | ३५५.०७ | २४८.०६ | ३३४.२३ | २३२.१२ | ३६९.३६ | २८९.६१ | ४०३.७९ | |
| घर जग्गा रजिष्ट्रेशन शुल्क | ६८५.०० | ९४१.१० | ७८५.०० | ५४८.८७ | ६७५.०० | ५४८.९३ | ७७०.०० | ६१५.३० | ७७०.०० | ७४०.८१ |
| सवारी साधन कर | ६५० | ५८६.६२ | ७२५.०० | ६१४.५७ | ७२५.०० | ६११.५७ | ७५०.०० | ६१७.३५ | ८२५.०० | |
| रोयल्टी बाँडफाँट | ४२.२७ | ४६.८६ | ४८.४६ | ०.०० | ५१.४७ | ४९.४२ | ५७.४२ | ५६.८४ | ६१.४० | |
| अन्य राजस्व | ७१५.१० | ६०२.२० | ५८३.०३ | ५२१.६१ | ४८३.५७ | ४४३.७७ | | ४३०.३४ | ६१७.६४ | |
| अनुदान फिर्ता | १००.०० | १३६.७१ | १००.०० | १३४.७८ | १०५.०० | ६४.०१ | ६३.०८ | ८.९६ | ८.५६ | |
| कुल राजस्व नगद मौज्दात) रसंघ अनुदान बाहेक( | ३१६९.४० | ३३५१.०५ | ३४२५.०५ | २७५०.८६ | ३१५४.१५ | २६२५.२० | ३४८३.१६ | २८२७.८२ | ३५६६.२६ | |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, २०८३

नोटः आर्थिक वर्ष २०८३/८३ को प्रारम्भिक विवरण

२१. संघीय अनुदान र गत वर्षको नगद मौज्दात बाहेक बागमती प्रदेश सरकारको आन्तरिक स्रोत र राजस्व बाँडफाटबाट प्राप्त आयको विगत ५ आर्थिक वर्षको औसत ८७.२८ प्रतिशत रहेको छ। आर्थिक २०८२/८३ मा बाँडफाँटबाट मूल्य अभिवृद्धि कर ९४.६२ प्रतिशत, अन्तःशुल्क ७४.३१ प्रतिशत, घर जग्गा रजिष्ट्रेशन शुल्क ९६.२१ प्रतिशत, सवारी साधन कर ८०.९४ प्रतिशत र रोयल्टी ९४.०२ प्रतिशत प्राप्त भएको थियो।

**चार्ट (ञ): पछिल्लो ५ वर्षको राजस्व बाँडफाँट र आन्तरिक आयको प्रवृत्ति** (प्रतिशत)




स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, २०८३

नोटः आर्थिक वर्ष २०८३/८३ को प्रारम्भिक विवरण

## संघीय सरकारबाट प्राप्त अनुदान

२२. आर्थिक वर्ष २०८२/८३ मा संघीय सरकारबाट समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान वापत कुल रू. १४ अर्ब ८१ करोड ९३ लाख प्राप्त हुने अनुमान गरिएकोमा रू. ११ अर्ब ३८ करोड अर्थात अनुमानको ७६.८२ प्रतिशत प्राप्त भएको छ। अघिल्लो आर्थिक वर्ष यस्तो अनुदान अनुमानको ७६.८४ प्रतिशत प्राप्त भएको थियो।

**तालिका (ज): पछिल्लो ३ आर्थिक वर्षमा संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको अनुमान र प्राप्ति** (रू. करोडमा)

| अनुदानको किसिम | आर्थिक वर्ष २०८०/८१ | | | आर्थिक वर्ष २०८१/८२ | | | आर्थिक वर्ष २०८२/८३ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अनुमान | प्राप्ति | प्रतिशत | अनुमान | प्राप्ति | प्रतिशत | अनुमान | प्राप्ति | प्रतिशत |
| समानीकरण अनुदान | ८०१.३५ | ५९३.८८ | ७४.११ | ८२४.३४ | ७५६.४१ | ९१.७६ | ८२८.५४ | ७५७.६९ | ९१.४५ |
| सशर्त अनुदान | ७७६.८८ | ५७४.८२ | ७३.९९ | ५४८.५९ | २८२.१६ | ५१.४३ | ५८९.४२ | ३३५.९७ | ५७.०० |
| समपूरक अनुदान | १३०.०० | १३०.०० | १००.०० | ८५.५० | ६४.१३ | ७५.०१ | २३.४७ | १६.४३ | ७०.०० |
| विशेष अनुदान | ७३.०० | ७३.०० | १००.०० | ९९.१३ | ९४.१७ | ९५.०० | ४०.५० | २८.३५ | ७०.०० |
| **जम्मा अनुदान** | १७८१.२३ | १३७१.७० | ७७.०१ | १५५७.५६ | ११९६.८७ | ७६.८४ | १४८१.९३ | ११३८.४४ | ७६.८२ |
| **वृद्धिदर प्रतिशत** | -१५.४६ | -२१.१५ | -६.७४ | -१२.५६ | -१२.७५ | -०.२२ | -४.८६ | -४.८८ | -०.०२ |

स्रोतः आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश, २०८३

नोटः आर्थिक वर्ष २०८३/८३ को प्रारम्भिक विवरण

## वित्तीय क्षेत्र

२३. २०८३ असारसम्म नेपालमा २० वटा वाणिज्य बैङ्क, १७ वटा विकास बैङ्क, १६ वटा वित्त कम्पनी, ५१ वटा लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी जम्मा १०५. बैङ्क तथा वित्तीय संस्था सञ्चालनमा रहेका छन्। २०८३ असारसम्म मुलुकभर बैङ्क वित्तीय संस्थाका जम्मा शाखा ११ हजार ३ सय ३२ रहेकोमा बागमती प्रदेशमा २ हजार ९ सय २२ वटा शाखा सञ्चालनमा रहेका छन।

तालिका (झ) बैंक वित्तीय संस्था तथा बागमती प्रदेशमा रहेका शाखा संख्या

| बैंक तथा वित्तीय संस्था | जम्मा बैंक तथा वित्तीय संस्थाको संख्या | | | बागमती प्रदेशमा रहेका बैंक वित्तीय संस्थाको शाखा संख्या | | |
|---|---|---|---|---|---|---|
| | २०८१ असार | २०८२ असार | २०८३ असार | २०८१ असार | २०८२ असार | २०८३ असार |
| वाणिज्य बैंक | २० | २० | २० | १,८३९ | १,८४३ | १,७३० |
| विकास बैंक | १७ | १७ | १७ | ३३५ | ३३२ | ३२९ |
| वित्त कम्पनी | १७ | १७ | १६ | १०८ | १०९ | १११ |
| लघुवित्त वित्तीय संस्था | ५२ | ५२ | ५१ | ७५६ | ७५४ | ७५२ |
| पूर्वाधार विकास बैंक | १ | १ | १ | - | - | - |
| जम्मा | १०७ | १०७ | १०५ | ३,०३९ | ३,०३९ | २,९२२ |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

२४. २०८३ असार मसान्तसम्म बागमती प्रदेशभित्रका विभिन्न बैंक तथा वित्तीय संस्थाका शाखाहरुमा कुल रू. ५३ खर्ब २० अर्ब निक्षेप संकलन भएको छ भने रू. ३६ खर्ब २८ अर्ब कर्जा प्रवाह भएको छ।

तालिका (ञ): बागमती प्रदेशका आधारभूत वित्तीय परिसूचकहरू

| वित्तीय सूचकहरु | २०८१ असार | २०८२ असार | २०८३ असार |
|---|---|---|---|
| कुल निक्षेप (रू.अर्बमा) | ४,३३५.४० | ४,८००.३७ | ५,३२०.४६ |
| निजी क्षेत्रतर्फ प्रवाहित कर्जा (रू.अर्बमा) | २,९८९.४० | ३,३२७.१४ | ३,६२८.३१ |
| वित्तीय पहुँचका परिसूचकहरू | | | |
| बैङ्क तथा वित्तीय संस्था (संख्यामा) | १०७ | १०७ | १०५ |
| बागमती प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाका शाखा (संख्यामा) | ३,०३९ | ३,०३९ | २,९२३ |
| कुल निक्षेप खाता (संख्या) | १९,६७६,०४९ | २१,०५८,३६२ | २२,२४६,५८३ |
| कुल कर्जा खाता (संख्या) | ६९६,२३७ | ७५१,४३० | ८३०,३९० |
| एटिएम (संख्या) | २,३४२ | २,३६८ | २,२२२ |
| डेबिट कार्ड (संख्या) | ५,७०२,५९७ | ६,३४०,१९७ | ५,७२९,८४५ |
| क्रेडिट कार्ड (संख्या) | १८१,०३९ | १८९,५०१ | २०७,०४३ |
| मोबाईल बैंकिङ प्रयोगकर्ता (संख्या) | ९,३९७,५८३ | १०,५७७,१७८ | ११,३४२,४४४ |
| वाणिज्य बैंकको भारित औसत ब्याजदर (प्रतिशत) | | | |
| निक्षेप | ५.७७ | ४.१९ | ३.२१ |
| कर्जा | ९.९३ | ७.८५ | ६.५५ |

स्रोतः नेपाल राष्ट्र बैंक, २०८३

२५. २०८३ असार मसान्तसम्म बागमती प्रदेशभित्रका विभिन्न बैंक तथा वित्तीय संस्थाका शाखाहरुमा जम्मा निक्षेप खाता संख्या २ करोड २२ लाख ४६ हजार ५ सय ८३ र कर्जा खाता संख्या ८ लाख ३० हजार ३ सय ९० रहेको छ। समीक्षा अवधिसम्म बागमती प्रदेशमा कुल २ हजार २ सय २२ वटा एटिम मेशिन सञ्चालनमा रहेका छन्।

## बीमा क्षेत्र

२६. २०८३ असारसम्म बागमती प्रदेशमा व्यवसाय गरेका जीवन, निर्जीवन, लघु जीवन, लघु निर्जीवन र पुर्नबीमा गरी जम्मा ३७ वटा स्वदेशी तथा विदेशी बीमा कम्पनी रहेका छन्।

तालिका (ट) बागमती प्रदेशमा व्यवसाय गरेका स्वदेशी तथा विदेशी बीमा कम्पनी/बीमकहरुको संख्या

| बीमा कम्पनीको प्रकृति | २०८१ असार | २०८२ असार | २०८३ असार |
|---|---|---|---|
| जीवन | १४ | १४ | १४ |
| निर्जीवन | १४ | १४ | १४ |
| पुनर्बीमा | २ | २ | २ |
| लघु जीवन | ३ | ३ | ३ |
| लघु निर्जीवन | ४ | ४ | ४ |
| जम्मा | ३७ | ३७ | ३७ |

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८३

२७. २०८३ असारसम्म कुल बीमा प्रिमियम रू. १ खर्ब २२ अर्ब ७७ करोड संकलन भएकोमा जीवन बीमा शुल्क रु. ८६ अर्ब ९६ करोड र निर्जीवन बीमा शुल्क रू. ३५ अर्ब ८० करोड संकलन भएको छ। त्यस्तै जीवन बीमा तर्फ कुल १करोड ३ लाख ७० हजार ७९६ र निर्जीवन बीमा तर्फ १५ लाख ३८ हजार ४५७ गरी जम्मा १ करोड १९ लाख ९ हजार २५३ बीमालेख सक्रिय रहेका छन्।

तालिका(ठ): बागमती प्रदेशमा २०८३ असार मसान्तसम्मको बीमालेख र बीमाशुल्क संकलन

| बीमाको प्रकृति | सक्रिय रहेका बीमालेख संख्या | बीमा शुल्क संकलन (रू. लाखमा) |
|---|---|---|
| जीवन बीमा | ९,८९७,५१७ | ८६७,४७५.६० |
| लघु जीवन बीमा | ४७३,२७९ | २,१४०.३८ |
| निर्जीवन बीमा | १,३१०,१४३ | ३५१,४५०.५४ |
| लघु निर्जीवन बीमा | २२८,३१४ | ६,६४५.२७ |
| जम्मा | ११,९०९,२५३ | १,२२७,७११.७९ |

स्रोतः नेपाल बीमा प्राधिकरण, २०८३

## पुंजीबजार

२८. २०८३ असार मसान्तमा नेप्से सूचकाङ्क २५९७.८० विन्दु कायम भएको छ। उक्त अवधिमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या ३०२ रहेको छ भने धितोपत्र बजार पुँजीकरण रू. ४४ खर्ब ६३ अर्ब ५५करोड रहेको छ। २०८२ असार मसान्तमा नेप्से सूचकाङ्क २७९४.७९ विन्दु कायम रहेको थियो।

चार्ट (ट): आर्थिक वर्ष २०८२/८३ को नेप्से सूचकाङ्कको मासिक प्रवृत्ति (विन्दुमा)




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड,२०८३